# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/६/३० गते शुक्रवार देखि २०६६/७/५ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि २ दिन खुला रही ६७ कम्पनीहरुको १४६७ कारोबारबाट ७ करोड ३२ लाख ३२ हजार रुपैयाँ बराबरका १ लाख २१ हजार ९ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ४ करोड १३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५६.४८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ०.०५ अंकले ह्रास भई अन्तिम दिन ६०१.१६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५८६.३३ | ४३८.८२ | ३६९.७५ | ६४०.३२ | ८१३.९५ | २५६.४१ | ६०९.२९ | ६२७.४३ | ६६२.०८ | ६०१.२१ | १५१.७९ | ५७.४४ |
| दोस्रो | ५८६.८८ | ४३८.८२ | ३६९.७५ | ६४०.३२ | ८२१.०७ | २५६.४१ | ६०९.२९ | ६२४.७२ | ६२४.७२ | ६०१.१६ | १५१.७७ | ५७.४८ |
| परिवर्तन | ०.५५ | ०.०० | ०.०० | ०.०० | ७.१२ | ०.०० | ०.०० | -२.७१ | -५.२५ | -०.०५ | -०.०२ | ०.०४ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.०२ अंकले ह्रास भई १५१.७७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (९२ लाख रुपैयाँ) तथा शेयर संख्या (१७ हजार कित्ता) को आधारमा नेपाल दूरसंचार कम्पनी र कारोबार संख्या (२५४ वटा) को आधारमा पशुपति डेभलपमेन्ट वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
| --- | --- | --- |
| १ | नेपाल दूरसंचार कम्पनी | ९.२८ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ९.१७ |
| ३ | स्टेण्डर्ड फाइनान्स | ४.०८ |
| ४ | नेपाल एसबिआई बैंक | ३.७६ |
| ५ | नबिल बैंक | ३.०२ |

यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न सरकारी ऋणपत्रहरु सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
| --- | --- | --- | --- |
| १ | विकास ऋणपत्र २०७१ ख | सरकारी ऋणपत्र | ३०,०००,००० थान |
| २ | विकास ऋणपत्र २०७३ क | सरकारी ऋणपत्र | २७,५००,००० थान |